# नेपाल इन्जिनियर्स एशोसिएसनको १३ औं राष्ट्रिय सम्मेलनद्वारा पारित प्रस्तावहरु (Convention Resolutions)

२०७० बैशाख १५-१७ (अप्रिल २८-३०, २०१३)

**"Culminating Engineers' Vision and Wisdom for Connecting Transition to the Prosperous Future"** (संक्रमण काललाई समृद्ध भविष्यसंग जोड्न इन्जिनियरहरुको दृष्टि र विद्वताको उच्चतम् उपयोग) विषयक मूल विषय (Theme) तथा त्यस अन्तर्गत ६ वटा उपविषयहरु एवं FEISCA क्षेत्रिय सेमिनारका साथ सम्पन्न नेपाल इन्जिनियर्स एशोसिएसनको १३ औं राष्ट्रिय सम्मेलनद्वारा पारित सम्मेलनका प्रस्तावहरु (Convention Resolutions):

## क. मूल विषय सम्बद्ध प्रस्तावहरु

ज्ञान र प्रविधिको क्षेत्रमा द्रुततर विकास भैरहेको विश्वको परिप्रेक्ष्यमा नेपालको समृद्धिको लागि इन्जिनियरहरुको दूरदृष्टि, ज्ञान, सीप र क्षमतायुक्त विद्वतालाई पूर्ण उपयोग हुनु आवश्यक छ भन्ने कुरा यो सम्मेलन आत्मसात गर्दछ ।

### १. संक्रमणकाल र परिवर्तनको एजेन्डा (Transition and Change Agenda)

१.१. मूलुकको संघीय संरचना प्रतिपादन गर्दा समतामूलक न्यायपूर्ण समाजको स्थापना र जनताको समृद्धितर्फ केन्द्रित गर्नु पर्छ । यसको लागि राज्यको स्वरुप केन्द्र, प्रान्त र स्थानीय निकाय गरी तीन तहमा निर्धारण गर्नु उपयुक्त हुनेछ । यसरी तह निर्माण गर्दा भौतिक पूर्वाधारको अवस्था, तिनको पहुँच, प्राकृतिक एवं आर्थिक स्रोतको न्यायपूर्ण वितरण र उपयोग आदिको आधारमा गर्नु उपयुक्त हुनेछ । राज्यको संरचना गर्दा सबै तहका सरकारहरु जनताप्रति पूर्णउत्तरदायी, एक-आपसमा स्वायत्त तर सन्निकट, केन्द्रीकरण र विकेन्द्रीकरणको सन्तुलन, शक्ति पृथकीकरण एवं सन्तुलनको सिद्धान्तजस्ता प्रमुख अवधारणालाई समावेश गरिनु पर्दछ ।

१.२. नेपाल विश्व व्यापार संगठन (WTO) मा प्रवेश गरेको सन्दर्भमा समृद्ध भविष्यको लागि प्रतिस्पर्धी र क्षमतावान इन्जिनियरहरु उत्पादन गर्न गुणस्तरीय इन्जिनियरिङ शिक्षामा सरकार लगायत सबै सरोकारवालाको ध्यान जान जरुरी छ । हाल विद्यमान बहुकेन्द्रबाट फरक-फरक मापदण्डका आधारमा हुने गरेको नियमन परिपाटीको अन्त्य हुनुपर्दछ । इन्जिनियरिङ परिषद्को सदस्यता परीक्षा लिएर मात्र प्रदान गर्ने गरिनु पर्दछ ।

१.३. गुणस्तरीय इन्जिनियरिङ शिक्षाको लागि शैक्षिक सस्थाहरुमा भैरहेको राजनीतिकरणको अन्त्य हुनु पर्दछ ।

१.४. इन्जिनियरहरुको पेशागत विकास तथा दक्षता अभिबृद्धि गर्न इन्जिनियरिङ स्टाफ कलेजको अपरिहार्यतालाई महसूस गर्दै सो स्टाफ कलेज स्थापना गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्न सरकारसंग यो सम्मेलन आग्रह गर्दछ ।

१.५. मुलुकको वर्तमान संक्रमण काललाई सम्वृद्ध भविष्यसँग जोड्ने क्रममा रुपान्तरणको प्रकृयालाई द्रुत गतिमा निर्दिष्ट गर्नको लागि नीति निर्माणको तहमा नेपाल इन्जिनियर्स एशोसिएसनलाई समेत समावेश गर्न यो सम्मेलन माग गर्दछ ।

## २. ऊर्जा विकास: नेपालको अभिवृद्धिको संवाहक (Energy Development, Engine of Nepal's Growth)

२.१. मुलुकको समृद्ध भविष्य निर्माणका लागि ऊर्जा विकास अनिवार्य भएको तथ्यलाई आत्मसात गर्दै देशमा ऊर्जा विकासलाई अभियानका रुपमा अगाडि बढाउन बि.सं २०७० देखि २०८० को अवधिलाई **"ऊर्जा विकास दशक"** घोषणा गर्न नेपाल सरकारलाई यो सम्मेलन आव्हान गर्दछ ।

२.२. ऊर्जाको भरपर्दो स्रोत जलविद्युत नै भएको तथ्यलाई मनन गर्दै स्वदेशी लगानीलाई प्राथमिकताका साथ विदेशी लगानी परिचालन गर्न तथा जलविद्युत आयोजना (प्रसारण लाइन समेत) निर्माण क्षेत्रमा सुरक्षाको विषय समेतलाई ध्यान दिई अनुकूल वातावरण सृजना गर्न सरकारसँग यो सम्मेलन आव्हान गर्दछ ।

२.३. नेपालका नदीनालाको जलप्रवाहमा देखापर्ने गरेको मासिक फेरबदललाई दृष्टिगत गरी जलाशययुक्त जलविद्युतलाई जोड दिन परियोजना र अन्तराष्ट्रिय बजारको पहुँच समेतलाई सहज बनाउन बृहत क्षमताको आन्तरिक एवं अन्तरदेशीय प्रसारण लाईन निर्माणलाई उच्च प्राथमिकता दिन सरकारलाई यो सम्मेलन अपील गर्दछ ।

२.४. नेपाली जनता लोडसेडिङ्गबाट पीडित भैरहेको अवस्थामा लोडसेडिङ्ग न्यूनिकरण गर्नेतर्फ उपयुक्त योजना कार्यान्वयन गर्न यो सम्मेलन सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ । साथै ऊर्जा संकटलाई मध्यनजर राख्दै बैकल्पिक ऊर्जाको कार्यक्रमलाई अझै व्यापक र घनिभूत गर्न यो सम्मेलन आव्हान गर्दछ ।

## ३. भोलिका लागि शहरी विकास (Urban Development for Tomorrow):

३.१. आधुनिक बस्ती विकासको सन्दर्भमा खानेपानी, बिजुली, अग्निसुरक्षा आदि जस्ता आधारभूत आवश्यकता, मानवोचित सुविधा, सामाजिक-सांस्कृतिक सम्पदाको संरक्षण तथा विपद् समायोजनात्मक क्षमता (Resilience) जस्ता नवीन मागहरुलाई समेत सम्बोधन हुनेगरी बस्ती र नगरको विकास, विस्तारलाई निर्दिष्ट गर्न यो सम्मेलन सिफारिस गर्दछ ।

३.२. नयाँ विकासोन्मुख शहरहरुलाई भावी उन्नतिका केन्द्रका रुपमा विकसित गर्दै आधुनिक यातायात प्रणालीद्वारा गतिशील बनाउन तथा ती शहरहरुबीचको आर्थिक अन्तरसम्बन्ध स्थापना एवं ताजगीकृत गरी शहरी विकासको प्रकृया र गन्तब्यलाई सवलीकरण गर्नेतर्फ योजना तर्जुमा गर्न यो सम्मेलन सिफारिस गर्दछ ।

## ४. नेपाललाई अन्तरबन्धन गर्न पूर्वाधार विकास (Infrastructure Development to Inter Connect Nepal)

४.१. पूर्व-पश्चिम तथा उत्तर-दक्षिण जोड्ने मार्गहरुको द्रुत निर्माणबाट आर्थिक गतिविधि, जीवनस्तर र जीवनशैलीमा उल्लेख्य परिवर्तन ल्याउन सकिन्छ र यसबाट राष्ट्रिय भावनामा अभिवृद्धि भई राष्ट्रिय एकता र राष्ट्रियता सुदृढ हुनेछ भन्ने विश्वास गर्दै यी आयोजनाहरु यथाशीघ्र सम्पन्न गर्न यो सम्मेलन आव्हान गर्दछ ।

४.२. विद्यमान प्रशासनिक संयन्त्र विशुद्ध प्रशासनमुखी मात्र भएकोमा यसलाई विकासमुखी बनाउनका लागि सरकार समक्ष यो सम्मेलन आव्हान गर्दछ ।

४.३. यातायातसँग सम्बद्ध भौतिक पूर्वाधार निर्माण गर्दा ५ पी (private- public partnership with politicians and people) तथा ५ इ (enthusiasm, effort, energy, effectiveness and efficiency) जस्ता अवधारणा अनुरुप निजी क्षेत्रलाई समेत नेतृत्वकारी भूमिका प्रदान गर्ने नीति, निर्देशिका तर्जुमा गरी लगानी प्रवर्द्धनको वातावरण बनाउन यो सम्मेलन आव्हान गर्दछ।

**५. नेपालको आधुनिकीकरणका लागि डिजीटल विकास ( Digitalizing for Modernizing Nepal)**

५.१. नेपालमा केही वर्ष यता इलेक्ट्रोनिक्स तथा सूचना सञ्चार प्रविधिको अभूतपूर्व विकास भित्रिएको छ। सूचना सञ्चार प्रविधिलाई वास्तविक अर्थमा नेपालको आधुनिकीकरणका लागि उच्चतम् उपयोग गर्न जरुरी छ भन्ने महसूस गर्दै यसलाई उद्योगका रुपमा विकसित गर्न तथा निकायहरुबीच समन्वयको भरपर्दो संयन्त्र निर्माण गर्न यो सम्मेलन सरकारी, अर्धसरकारी तथा निजी सबै क्षेत्रको ध्यानाकर्षण गर्दछ।

५.२. इन्टरनेट प्रणाली २१ औं शताब्दीको विकासको पूर्वाधारको रुपमा स्थापित भइरहेको सन्दर्भमा नेपालको आधुनिकीकरणका लागि यसको उचित विकास, विस्तार, क्षमता अभिवर्द्धन तथा सेवाको विश्वसनीयतामा सुदृढीकरण गर्न यो सम्मेलन सम्बद्ध सबै निकायको ध्यानाकर्षण गर्दछ।

५.३. नेपाललाई आधुनिकीकरण गर्न इन्टरनेटको माध्यमबाट पठन-पाठन हुने गरी वर्तमान शैक्षिक प्रणालीको मान्यता (Education Paradigm) लाई परिवर्तन (Shift) गर्ने गरी दूरगामी ई-रणनीति तर्जुमा गरी लागू गर्न यो सम्मेलन सरकारसमक्ष अपील गर्दछ।

**६. सिँचाइ, विपद् व्यवस्थापन तथा अनुसन्धान र विकास (Irrigation, Disaster Management R&D)**

६.१. सिँचाइ विकासलाई मुलुकको खाद्यान्न सुरक्षासँग जोडेर यसको दक्षता, प्रभावकारिता र व्यवसायिकतालाई बृद्धि गर्नुका साथै बहुउदेश्यीय परियोजना अगाडि बढाउन यो सम्मेलन सरकारसमक्ष आव्हान गर्दछ।

६.२. हाल सिंचाईयोग्य भूमिको ७० प्रतिशत क्षेत्रमा पुगेको सिंचाइ सुविधा बाह्रै महिना सिंचाई पुग्ने गरी सुनिश्चित गरिनु पर्नेमा यो सम्मेलन जोडदिन चाहन्छ।

६.३. विकासका काम गर्दा योजना तर्जुमाको अवस्थादेखि नै विपद् प्रभाव अध्ययन एवं जलवायु परिवर्तनका विषयलाई समेत समेटी गर्ने परिपाटी बसाउन यो सम्मेलन सिफारिस गर्दछ।

६.४. कुनै पनि प्रविधिको विकास वा परिमार्जनका लागि अनुसन्धान महत्वपूर्ण हुने तथ्यलाई महसूस गर्दै अनुसन्धान र विकासलाई उचित बजेटका साथ प्रोत्साहन प्रदान गर्न यो सम्मेलन आव्हान गर्दछ।

**ख) FEISCA गोष्ठी सम्बद्ध प्रस्तावहरु:**

ख.१. **"Climate Change: Managing Disasters and Building Resilient Region"** विषयक Federation of Engineering Institutions of South and Central Asia (FEISCA) सेमिनारको सन्दर्भमा जलवायु परिवर्तन र यसबाट हुने विभिन्न किसिमका प्रकोपहरुबाट वर्षेनी ठूलो धन-जनको क्षति भोग्नु परिरहेको स्थितिलाई मध्यनजर गर्दै बंगलादेश, भारत, पाकिस्तान, श्रीलंका कजाकिस्तान र नेपालले साझा मञ्च बनाइ विपद् व्यवस्थापन गरी यसै मध्य-दक्षिण एशियाली क्षेत्रलाई विपद् सुरक्षित

(Resilient) क्षेत्रका रुपमा विकसित गर्नका निमित्त सहकार्य गर्न यो सम्मेलन आव्हान गर्दछ र यसतर्फ पहल गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।

**ग) समसामयिक विषय सम्बद्ध प्रस्तावहरु:**

ग.१. निजामती सेवामा संलग्न इन्जिनियरिङ्ग समूहका राष्ट्रसेवक कर्मचारीहरुको बढुवा गरिंदा नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ सँग नबाझिने गरी मात्र गरिनुपर्दछ । **'इन्जिनियर'** शब्दावली पद होइन, उपाधि हो भन्ने यथार्थको अखण्डित परिपालना हुनु पर्दछ ।

ग.२. नेपालमा कार्यरत विदेशी बहुराष्ट्रिय कम्पनीहरुमा काम गर्ने इन्जिनियरहरुले नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता गरेर मात्र व्यावसायिक काम गर्न पाइने अन्यथा गैरकानूनी हुने व्यवस्थालाई कडाइका साथ लागू गर्न यो सम्मेलन सरकार समक्ष आव्हान गर्दछ ।

ग.३. हाल सालै नेपाल सरकारको विशिष्ट श्रेणी सरकारी सेवामा बढुवा हुनका लागि न्याय सेवाका सहसचिवहरुले पनि प्रतिस्पर्धा गर्न पाउने निर्णयबाट इन्जिनियरिङ सेवा अन्तर्गत कार्यरत सहसचिवहरुको अवसरमा समेत संकुचन आएको महसुस भएको हुँदा त्यस निर्णयप्रति यो सम्मेलन असहमति व्यक्त गर्दै सो निर्णयमाथि पुनर्विचार गर्न आव्हान गर्दछ ।

ग.४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पूर्वाधार विकास महाशाखा स्थापना लगायत विभागका अन्य तहहरुको पुनःसंरचना गर्ने नीतिगत निर्णय गरिएकोमा यो सम्मेलन खुशी जाहेर गर्दै सो निर्णयका लागि नेपाल सरकारप्रति धन्यवाद ज्ञापन गर्दछ ।

**सम्मेलन प्रस्ताव तयारी समिति** **(Convention Resolution Preparation Committing)**

१. ई. महेन्द्र बहादुर गुरुङ, अध्यक्ष, ने.ई.ए. २९ औं कार्यकारिणी परिषद्, संयोजक

२. ई. किशोर शाक्य, पूर्व अध्यक्ष तथा विशेष सल्लाहकार, सदस्य

३. ई. प्रा.डा. भरत राज पहारी, पूर्व महासचिव तथा विशेष सल्लाहकार, सदस्य

४. ई. रामेश्वर रिजाल, टेक्निकल कमिटी चेयरपर्सन तथा कन्भेनर, १३ औं रष्ट्रिय इन्जिनियर सम्मेलन, सदस्य

५. ई. रामेश्वर यादव, पूर्व उपाध्यक्ष, सदस्य